# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## १ नं. प्रदेश

## स्थानीय राजपत्र

## लिखु गाउँपालिकाद्वारा प्रकाशित

| | | |
|---|---|---|
| खण्डः–१ | संख्याः-११ | मितिः-२०७५/०२/२९ |

## भाग-१

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रहि लिखु गाउँपालिकाको "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता ऐन, २०७५ लिखु गाउँपालिकाले सर्वासाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना**

लिखु गाउँपालिका भित्र वसोवास गर्ने व्यक्तिहरुको जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद तथा वसाईसराई जस्ता घटना दर्ता गरी प्रमाण-पत्र विवरण गर्ने सम्वन्धमा कानूनी व्यवस्था गर्न वाच्छनिय भएकाले, नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची - ८ को सूची नं. ६  र १३ का अधिकारहरुलाई कार्यन्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम लिखु गाउँपालिकाले यो ऐन तर्जुमा गरीएको छ ।

**१. संक्षिप्त नाम प्रारम्भ :**

(१) यस ऐनको नाम "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता ऐन २०७५" रहेको छ ।

(२) यो ऐन लिखु गाउँपालिका भर  लागु हुनेछ ।

(३) यो ऐन स्थानिय राज प्रत्रमा प्रकाशित भए प्रश्चात लागुहुनेछ ।

(४) परीभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "ऐन" भन्नाले लिखु गाउँपालिकाको जन्म, मृत्यु, तथा अन्य व्यक्तिगत घटना सम्झनुपर्छ ।

(ख) "व्यक्तिगत घटना" भन्नाले कुनै व्यक्तिको जन्म, मृत्य, विवाह ,सम्बन्ध विच्छेद तथा वसाई सराई सम्झनुपर्दछ।

(ग) “बसाई सराई” भन्नाले ६ महिना वढि अवधिका लागी नेपाल अधिराज्य भित्र यस लिखु गाउँपालिका क्षेत्रवाट अर्को गाउँपालिका वा नगरपालिका क्षेत्रमा वा विदेश वसाई सराई जाने वा अन्य स्थानवाट यस गाउँपालिका क्षेत्र भित्र वसाई सराई आउने कार्यलाई सम्झनुपर्दछ ।

(घ) “पञ्जिकाधिकारी” भन्नाले दफा ३ वमोजिम,नियुक्ति भएमा स्थानिय पञ्जिकाधिकारी सम्झन्नुपर्दछ ।

(ङ) “परीवारको मुख्य व्यक्ति” भन्नाले परिवारको चाँजो पाँजो मिलाउने वरिष्ठ व्यक्ति वा परिवारको पालन पोषण गर्ने व्यक्ति सम्झनु  पर्दछ ।

(च) “तोकिएको वा तोकिए वमोजिम”  भन्नाले यस ऐन अन्तरगत वनेको नियममा तोकिएको वा वेला वेलामा कार्यपालिकाको तत सम्बन्धि निर्णय वा आदेशलाई सम्झनु पर्दछ ।

**२. स्थानिय पञ्जिकाधिकारी** : यस ऐनको प्रयोजनका लागि कार्यपालिकाले गाउँ पालिकाको राज पत्रमा सूचना प्रकाशित गरी एक जना पञ्जिकाधिकारी तोक्ने वा निउुक्त गर्न सक्ने छद ।

**३. व्यक्तिगत घटनाको सूचना** :

(१) देहायको अवस्थामा देहायका व्यक्तिले व्यक्तिगत घटना दर्ता गराउनका लागी त्यस्तो घटना घटेको ३५ दिन भित्र तोकिए वमोजिमको फारम भरी स्थानिय पञ्जिकाधिकारीको कार्यालयमा सूचना गर्नु पर्नेछ ।

(क) जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको  उमेर पुगेको व्यक्तिले ।

(ख) विवाहको सूचना पति,पत्नी दुवैले ।

(ग) सम्बन्ध विच्छेद सूचना पति,पत्नी दुवैले ।

(घ) वसाई सराईको सूचना वसाई सराई सर्ने परीवार भए परिवारको मुख्य व्यक्तिले ।

(२) व्यक्तिगत घटना नेपाल वाहिर घटेको भए उपदफा (१) वमोजिम सो घटनाको सूचना दिनु पर्ने कर्तव्य भएको व्यक्ति नेपाल भित्र आएपछि निजले  साठि दिन भित्र दिनु पर्छ ।

(३) उपदफा (१) वमोजिम व्यक्तिगत घटनाको सूचना दिनु पर्ने कर्तव्य भएको व्यक्तिले त्यस्तो सूचना दर्ता गराउजको लागी कुनै व्यक्तिले वरिस नियूक्ति सक्नेछ ।

(४) उपदफा (१) को खण्ड (क) वमोजिम जन्म तथा मृत्युको सूचना दिनु पर्ने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी तोकेको व्यक्तिले त्यस्तो सूचना दिनु पर्नेछ ।

**४.व्यक्तिगत घटना दर्ता गर्ने :**

(१) दफा ४ वमोजिम सूचना प्राप्त हुन साथ स्थानिय पञ्जिकाधिकारी देहाय वमोजिम गरी त्यस्तो घटना सम्बन्धित दर्ता कितावमा दर्ता गर्नेछ ।

(क) सूचना दिन आउने व्यक्तिलेभरेको फारम ठिक छ वा छैन जाँची ठीक भए सोही वमोजिम र वेठीक भए  ठीक गर्न लगाई सुचना फारम भर्नु पर्नेछ ।

(ख) सूचना गर्न आउने व्यक्ति लेखपढ गर्न नजाल्ने भए निजले भने वमोजिम आफैले फारम भरी वा भनै लगाई निजको ल्याप्चे सहिछाप गराई दर्ता गर्नु पर्नेछ ।

(२) सम्बन्ध विच्छेदको सूचना दर्ता गर्दा सो सम्बन्धमा अदालतवाट भएको निर्णय समेत हेरी दर्ता गर्नु पर्नेछ ।

(३) दफा ४ को उपदफा (१) वा (२) मा तोकिएको म्याद नाघेको पैतिस दिन भित्र व्यक्तिगत घटनाको दर्ता गराउन आएमा स्थानिय  पञ्जिकाधिकारीले रु ५० दस्तुर लिई दर्ता गर्ने छ ।

(४) कावुवाहिरको परिस्थिमा वाहेक दफा (३) मा ताकिएको म्याद भित्र पनि व्यक्तिगत घटना दर्ता नगराउनेलाई स्थानिय पञ्जिकाधिकारीले वढिमा रु ५० थप जरीवाना गरी दर्ता गरी दिनेछ ।

**५. प्रमाण-पत्र दिने** : दफा ५ वमोजिम व्यक्तिगत घटनाको सूचना दर्ता गर्न साथ स्थानीय पञ्जिकाधिकारीले दफा ४ को उपदफा (१) मा ताकिएको व्यक्तिलाई निशुल्क दर्ता प्रमाण पत्र दिईनेछ ।

**६. दर्ता प्रमाण-पत्र नक्कल दिन सकिने :**

(१) दफा ६ वमोजिम प्रदान गरिएको दर्ताको प्रमाण-पत्र हराएमा वा कुनै प्रकारले नष्ट भएमा सरोकारवाला व्यक्ति सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यलयमा निवेदक दिईएमा रु १०० दस्तुर लिई पटके कायम गरी प्रतिलिपि उपलव्ध गराउनु पर्नेछ ।

**७. परिवारको लगत तयार गर्न कर्मचारी खटाउन सकिने :**

(१) व्यक्तिगत घटना दर्ता गर्ने प्रयोजनका लागी परिवारको लगत तयार पार्न आवश्यक देखिएमा गाउँ कार्यपालिकाले सो कामका लागी कर्मचारी खटाउन सक्ने छ ।

(२) उपदफा (१) वमोजिम खटिएको कर्मचारीले मागेको विवरण वा सोधिएको प्रश्नवालीको जवाफ दिनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

**८. दर्ता मान्यता** : दफा (६) वमोजिम प्रदान गरीएको दर्ता प्रमाण-पत्र व्यक्तिगत घटना दर्ता भएको छ भन्ने कुराको प्रमाण हुनेछ । त्यस्तो प्रमाण-पत्र कार्यालय अदालतमा पेश गर्न तथा वैयक्तिक कारोवारमा प्रयोग गर्न सकिनेछ । तर कुनै व्यक्तिले पहिलेनै दर्ता प्रमाण-पत्र लिएको रहेछ भन्ने प्रमाणित हुन आएमा त्यस्तो दर्ताको दोस्रो पमाण-पत्र रद्ध हुनेछ ।

**८. (क) दर्ता भएको उमेर , नाम थर निशुल्क सच्याउन सक्ने** :

(१) यो ऐन लागु भएपछि जन्मेको वच्चाको उमेर नाम वा थर यस ऐन वमोजिम एक पटक दर्ता भई दर्ताको प्रमाण पत्र प्रदान गरीएपछि सच्याउन परेमा त्यसको लागी सम्बन्धित व्यक्तिले त्यसरी दर्ताको प्रमाण पत्र प्रदान गरीएको मितिले ६ महिना भित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा तोकिएको ढाँचामा दरखास्त दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम दिएको दस्तखात प्राप्त हुन आएपछि स्थानीय पञ्जिकाधिकारीले सो सम्बन्धमा छानविन गरी दर्ता कितावमा र दर्ता प्रमाण-पत्रमा रहेको उमेर , नाम थर निशुल्क सच्याउन सक्नेछ ।

(३) यस ऐन वमोजिमको दर्ता कितावमा र प्रदान गरीएको दर्ताको प्रमाण-पत्रमा रहेको कुनै व्यक्तिको उमेर, नाम र थर यस दफा वमोजिम वाहेक प्रचलित अन्य कुनै पनि कानून वमोजिम सच्याउन सकिने छैन

**९. व्यक्तिगत घटना दर्ता किताव निरीक्षण गर्न सकिने :** कुनै व्यक्तिले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा रहेको व्यक्तिगत घटना दर्ता किताव निरीक्षण गर्न चाहेमा रु २०० दस्तुर तिरी सम्बन्धित स्थानीय पञ्जिकाधिकारीले उस्को रोहवरमा दर्ता किताव निरीक्षण गर्न दिनेछ ।

**१०. अभिलेख राख्न पर्ने :**

सवै वडाका स्थानीय पञ्जिकाधिकारीले मासिक रुपमा दर्ता भएको व्यक्तिगत घटनाको विवरण वडा कार्यालयमा व्यवस्थीत राख्नको साथै गाउँकार्यपालिकामा र सम्बन्धित कार्यालयमा यथासिघ्र पठाउनु पर्नेछ ।

**११. गाउँ पालिका वा वडा पालिकाको कर्तव्य :**

(१) यो ऐन वमोजिम दर्ता गराउनु पर्ने व्यक्तिगत घटना भएको थाहा पाएमा वडा पालिका र गाउँपालिकाले सम्बन्धित व्यक्तिलाई सम्झाई बुझाई त्यस्तो घटनाको सूचना दर्ता गर्ने सम्बन्धमा सहयोग गर्नुपर्ने छ ।

(२) यो ऐन वा यस ऐन अर्न्तगत वनेको नियम वमोजिम गर्नु पर्ने कामको शिलसिलामा खटिएका कर्मचारी वा स्थानीय पञ्जिकाधिकारीलाई आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय :**

(१) दफा ८ को उपदफा २ वमोजिम मागिएको विवरण वा सोधिएको प्रश्नवलीको जवाफ नदिनेलाई रु ५०० जरीवाना हुनेछ ।

(२) कसैले अरुलाई दुख दिने वा व्यक्तिगत लाभ गर्ने नियतले झुटो व्यक्तिगत सूचना दिइएको प्रमाणित भएमा त्यस्तो झुटो सूचना दिने व्यक्तिलाई वढिमा रु १००० जरीवाना वा १ महिना कैद वा दुवै सजाय हुनेछ र त्यस्तो घटना दर्ता भई सकेको रहेछ भनि सो घटना रद्ध हनेछ ।

(३) कसैले आफ्नो जिम्मामा रहेको व्यक्तिगत घटना सम्बन्धि सूचना फाराम वा दर्ता किताव वा परिवार लगत जानीजानी नष्ट गरेमा वा व्यक्तिगत लाभ वा अनाधिकृत कामको लागी प्रयोग गरेमा निजलाई एक वर्ष कैद वा रु १०००० सम्मको जरीवाना वा दुवै सजाय गर्न सकिनेछ ।

(४) कसैले व्यक्तिगत घटना दर्ता गराउन आउने व्यक्तिलाई दर्ता गराउन रोकेको वा छेकथुन गरेको वा भड्काएको ठहरेमा निजलाई वढिमा रु ५००० सम्म जरीवाना हुनेछ ।

**१३. नेपाल सरकार वादी हुने :** दफा १३ अर्न्तगत हुने सजाय नेपाल सरकार वादी हुने छ ।

**१४. मुद्धा हेर्ने अधिकार, कार्यविधि :**

(१) दफा १३ अन्तरगत सम्बन्धि मुद्धामा हुने मुद्धाको कारवाही र किनारा गर्ने अधिकार गाउँपालिकालाई हुनेछ ।

(२) उपदफा (१) वमोजिम गाउँ कार्यपालिकाले गरेको निणर्य उपर चित्त नवुझे जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**१५. पुनरावेदन :**

यस ऐन बमोजिम भएका दण्ड, जरिवाना र सजाय उपर चित नबुजेमा पुनरावेदन गर्न सकिनेछ ।

**१६. नियम वनाउने अधिकार :**

(१) यो ऐनको उद्धेश्य कार्यन्वयन गर्नको लागी गाउँकार्यपालिकाले नियम वनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी देहायका विषयहरुमा नियमहरु वनाउन सक्नेछ ।

(क) यस ऐन वमोजिम भर्नु पर्ने व्यक्तिगत घटनाको सूचना फारम तथा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा रहने दर्ता किताव सन्दर्भमा,

(ख) व्यक्तिगत घटनाको दर्ताको प्रमाण-पत्र सम्बन्धमा,

(ग) व्यक्तिगत घटनाको दर्ताको प्रमाण-पत्रको नक्कल तथा दर्ता कितावको निरीक्षण दस्तुर सम्बन्धमा,

(घ) परिवारको लगत तयार गर्न आवश्यक विवरण वा प्रश्नवलीको ढाँचा तोक्ने सम्बन्धमा,

(ङ) विवरण सच्याउने सम्बन्धमा,

(च) वच्चाको नाम दर्ता गर्ने र दर्ता भई सकेको नाम फेर्ने सम्बन्धमा,

**१७. वाधा अड्काउ फुकाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ। तर त्यस्तो आदेश गाउँपालिकाले ६ महिना भित्र गाउँ सभाबाट अनुमोदन नगरेमा स्वतः निस्क्रीय हुनेछ।

**१८. वचाउ र लागु नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत वनेका नियममा लेखिए जति कुरामा सोहि वमोजिम र नलेखिएका कुरामा प्रचलित कानून वमोजिम हुनेछ।

(२) संविधानसँग वाझिएका यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वत : निस्क्रीय हुनेछन्।

(३) यस अघि भए गरेका काम कार्वाहि यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले,

नामः समिर भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

मितिः- २०७५/०२/२९